विधेयक संख्याः

# बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक

२०८०

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं।

# उद्देश्य र कारण

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विकसित वित्तीय प्रणाली, वित्तीय औजार, वित्तीय सुरक्षा, वित्तीय जोखिम समेतका आधारमा बैंक तथा वित्तीय संस्थाको प्रभावकारी व्यवस्थापन एवम् नियमन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण तथा प्रविधिमा आएका परिवर्तनलाई प्रयोग गर्न र नेपालको संविधान तथा प्रचलित कानूनमा उल्लिखित तीनै तहका सरकारको वित्तीय अधिकारक्षेत्र व्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक भएकोले प्रचलित बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधन गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

(वर्षमान पुन)

अर्थ मन्त्री

# सैद्धान्तिक अवधारणा

नेपालको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको विश्वसनीयता अभिवृद्धि गर्न, राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाई स्थायित्व कायम गर्न र बैंक तथा वित्तीय संस्थाहरूको संस्थापना, सञ्चालन, व्यवस्थापन, नियमन लगायतका कार्यलाई व्यवस्थित गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण तथा प्रविधिमा आएका परिवर्तनलाई प्रयोग गर्न प्रचलित कानूनलाई समसामयिक संशोधन गर्न आवश्यक परेको र नेपालको संविधानले लिएका तीनै तहका सरकारको वित्तीय अधिकारलाई व्यवस्थित रूपमा कार्यान्वयनको लागि मन्त्रालय र नेपाल राष्ट्र बैंकको समन्वय तथा अन्य सरोकारवाला निकायहरूको राय परामर्श समेतको आधारमा बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको प्रस्तुत विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्बाट सङ्घीय संसदमा पेश गर्न मिति २०८०।१०।२५ मा स्वीकृति प्राप्त भएकोले विधेयक पेश गरिएको छ।

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा १२ को उपदफा (३) | जफत गरिएको धितोपत्र बिक्री वितरणबाट प्राप्त रकम जम्मा गर्ने संस्था तोक्न। | रकम जम्मा गर्ने संस्था तोकिने। | रकम जम्मा गर्न सहज हुने। |
| २. | दफा ५० को उपदफा (१) को खण्ड (च) को प्रतिवन्धात्मक | कृषि, पर्यटन, उर्जा, पूर्वाधारजस्ता नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास क्षेत्र | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास क्षेत्र तोक्ने। | तोकिएका क्षेत्र बाहेक नेपाल सरकारले तोकेको अन्य क्षेत्रमा पनि बैङ्क तथा वित्तीय संस्थाबाट लगानी हुन |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | वाक्यांश | तोक्न आवश्यक भएकोले। | | सक्ने। |

# व्याख्यात्मक टिप्पणी

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | दफा १५ | सञ्चालकको पदावधिः | सञ्चालकको पदावधि स्पष्ट गरी तोकिएको। |
| २. | दफा १६ | सञ्चालकको योग्यताः | सञ्चालकको योग्यता स्पष्ट गरिएको। |
| ३. | दफा ४९क. | डिजिटल बैंङ्कले बैंङ्किङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेः | डिजिटल बैंङ्कले राष्ट्र बैंङ्कले तोके बमोजिम बैंङ्किङ्ग तथा वित्तीय कारोबार गर्न सक्ने सम्बन्धमा स्पष्ट पारिएको। |
| ४. | दफा ५२ | कारोबार तथा कुनै काम गर्न नपाउनेः | बैंङ्क तथा वित्तीय संस्थासँग सम्बद्ध व्यक्तिले आफूसँग सम्बद्ध बैंक तथा वित्तीय संस्थाको कानूनी, राजस्व, लेखा वा व्यवस्थापन परामर्शदाता, धितो मूल्याङ्कनकर्ता वा लेखापरीक्षकको रुपमा कार्य गर्न नपाउने सम्बन्धमा स्पष्ट गरिएको। |

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
| --- | --- | --- | --- |
| ५. | दफा ५२क. | सम्बद्ध व्यक्तिको सूची तयार गर्नु पर्नेः | बैंङ्क तथा वित्तीय संस्थाले संस्थापना हुँदाका बखत आफूसँग सम्बद्ध व्यक्तिको सूची तयार गरी राष्ट्र बैंङ्कलाई दिनु पर्ने सम्बन्धमा स्पष्ट पारिएको। |

# आर्थिक टिप्पणी

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ हाल कार्यान्वयनमा नै रहेको अवस्था छ। सोही ऐनमा संशोधन गर्ने उद्देश्यले तयार भएको प्रस्तुत बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयकमा प्रस्ताव गरिएको संशोधित व्यवस्था मूलतः बैंक तथा वित्तीय संस्थाको नियमन तथा व्यवस्थापन पक्षसँग सम्बन्धित रहेकोले प्रस्तावित ऐन कार्यान्वयन गर्न नेपाल सरकारलाई कुनै थप आर्थिक दायित्व पर्ने देखिंदैन।

# **<u>बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**<u>प्रस्तावनाः</u>** बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ मा संशोधनः</u>** बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) मा रहेका "सर्वोच्च अदालतको सहमति लिई" भन्ने शब्दहरुको सट्टा "न्याय परिषद्को परामर्शमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ख) मा रहेका "र सो शब्दले कार्यकारी अध्यक्ष समेतलाई जनाउँछ" भन्ने शब्दहरु झिकिएका छन्।

(३) खण्ड (च) मा रहेका "दुई प्रतिशत" भन्ने शब्दहरुको सट्टा "एक प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(४) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "ऋणी" भन्नाले बैङ्क वा वित्तीय संस्थाबाट कर्जा लिने वा बैङ्कले जारी गरेको क्रेडिट

कार्ड वा त्यस्तै प्रकृतिको अन्य उपकरण धारण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।”

(५) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

“(झ) “कार्यकारी प्रमुख” भन्नाले बैङ्क वा वित्तीय संस्थाको दैनिक कार्यसञ्चालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।”

(६) खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छः-

“(ण१) “डिजिटल मुद्रा” भन्नाले राष्ट्र बैङ्कबाट जारी भएको डिजिटल मुद्रा सम्झनु पर्छ।”

(७) खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छः-

“(थ१) “धितो” भन्नाले ऋणीले बैङ्क वा वित्तीय संस्थाबाट लिएको कर्जाको सुरक्षण बापत बैङ्कलाई उपलब्ध गराएको सम्पत्ति सम्झनु पर्छ।”

(८) खण्ड (न) मा रहेका “स्वीकार गरेको रकम” भन्ने शब्दहरु पछि “वा विद्युतीय माध्यमबाट जम्मा गरेको रकम” भन्ने शब्दहरु थपिएका छन्।

(९) खण्ड (ब) मा रहेका "दिदी बहिनी सम्झनु पर्छ" भन्ने शब्दहरुको सट्टा "दिदी बहिनी सम्झनु पर्छ र सो शब्दले विवाहित महिलाको हकमा निजको सासु,

ससुरा समेतलाई जनाउँछ" भन्ने शब्दहरु राखिएका छन्।

(१०) खण्ड (ह) मा रहेका "पूर्वाधार विकास बैङ्क र सोको शाखा कार्यालय समेतलाई जनाउँछ" भन्ने शब्दहरुको सट्टा "पूर्वाधार विकास बैङ्क, सोको शाखा कार्यालय र दफा ४९क. बमोजिमको डिजिटल बैङ्क समेतलाई जनाउँछ" भन्ने शब्दहरु राखिएका छन्।

(११) खण्ड (क्ष) मा रहेका "दफा ४९ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "दफा ४९ वा ४९क. बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

(१२) खण्ड (कझ) मा रहेका "विदेशमा रहेको शाखा कार्यालय" भन्ने शब्दहरु पछि "वा दफा ४९क. बमोजिमको डिजिटल बैङ्क" भन्ने शब्दहरु थपिएका छन्।

(१३) खण्ड (कञ) को सट्टा देहायको खण्ड (कञ) राखिएको छः-

"(कञ) "वित्तीय स्वार्थ" भन्नाले सञ्चालक, एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्तो व्यक्तिको परिवार वा सञ्चालक मनोनीत गर्ने अधिकार पाएको व्यक्ति, कम्पनी वा सङ्गठित संस्थाको कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशत वा सोभन्दा बढी हुने गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर स्वामित्व वा सो बमोजिमको

हैसियत रहने गरी वास्तविक धनी रहेको संस्थामा रहेको निजहरुको स्वार्थ सम्झनु पर्छ र सो शब्दले एक प्रतिशतभन्दा कम शेयर लिएको सम्बद्ध व्यक्तिले अन्य कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशतभन्दा कम हुने गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर स्वामित्व लिएको भए तापनि त्यस्तो संस्थाको वित्तीय कारोबारको प्रकृति र अवस्था हेरी राष्ट्र बैङ्कले समय समयमा वित्तीय स्वार्थ भनी तोकिदिएको स्वार्थलाई समेत जनाउँछ।"

(१४) खण्ड (कठ) मा रहेका "भुक्तानी दिने," भन्ने शब्दहरुको सट्टा "भुक्तानी दिने, कर्जा प्रवाह गर्ने वा" भन्ने शब्दहरु राखिएका छन्।

(१५) खण्ड (कन) को सट्टा देहायको खण्ड (कन) राखिएको छः-

"(कन) "सम्बद्ध व्यक्ति" भन्नाले देहाय बमोजिमको व्यक्ति सम्झनु पर्छः-

(१) बैङ्क वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, पदाधिकारी वा निजको परिवार, त्यस्तो संस्थापक, सञ्चालक, पदाधिकारी वा निजको परिवारको एकल वा संयुक्त रुपमा कम्तीमा दश प्रतिशत शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था,

(२) खण्ड (१) बमोजिमको फर्म, कम्पनी वा संस्थामा एकल वा संयुक्त रुपमा कम्तीमा दश प्रतिशत शेयर स्वामित्व भएको अन्य फर्म, कम्पनी वा संस्था,

(३) बैङ्क वा वित्तीय संस्थाको पदाधिकारीले अन्य कुनै फर्म, कम्पनी वा संस्थामा कार्यकारी प्रमुख, सञ्चालक वा साझेदार भई वा व्यवस्थापन तहमा कार्य गर्ने वा त्यस्तो फर्म, कम्पनी वा संस्थामा कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको फर्म, कम्पनी वा संस्था,

(४) बैङ्क वा वित्तीय संस्थामा कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको फर्म, कम्पनी वा संस्थामा कम्तीमा दश प्रतिशत शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थाको सञ्चालक, पदाधिकारी वा शेयरधनी,

(५) बैङ्क वा वित्तीय संस्थाको कार्यकारी प्रमुख,

(६) बैङ्क वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा संस्थापकले जमानत वा सुरक्षण प्रदान गरेका अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्था वा त्यस्तो जमानतको हिताधिकारी,

(७) बैङ्क वा वित्तीय संस्थामा प्रत्यक्ष वा अन्य प्राकृतिक वा कानूनी व्यक्तिमार्फत उल्लेख्य स्वामित्व भएको शेयरधनी वा शेयरधनीको समूह वा निजको परिवार,

(८) बैङ्क वा वित्तीय संस्थामा एकल वा संयुक्त रुपमा वा अन्य प्राकृतिक वा कानूनी व्यक्तिमार्फत उल्लेख्य स्वामित्व नभए तापनि बैङ्क वा वित्तीय संस्थामा कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको शेयरधनी वा निजको परिवार वा बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापनमा अन्य कुनै किसिमबाट प्रभाव पार्न सक्ने शेयरधनी वा निजको परिवार,

(९) बैङ्क वा वित्तीय संस्थामा उल्लेख्य स्वामित्व भएको शेयरधनी वा निजको परिवारको एकल वा संयुक्त रुपमा वा अन्य प्राकृतिक वा

कानूनी व्यक्तिमार्फत दश प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व रहेको अन्य फर्म, कम्पनी वा संस्था वा त्यस्तो शेयरधनीले कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको अन्य कुनै फर्म, कम्पनी वा संस्था,

(१०) बैङ्क वा वित्तीय संस्थामा उल्लेख्य स्वामित्व रहेको फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थामा दश प्रतिशतभन्दा बढी शेयर स्वामित्व भएको शेयरधनी वा निजको परिवार,

(११) बैङ्क वा वित्तीय संस्थामा उल्लेख्य स्वामित्व रहेको शेयरधनी आफैं पदाधिकारीको रुपमा कार्यरत रहेको फर्म, कम्पनी वा संस्था,

(१२) एकल वा संयुक्त रुपमा बैङ्क वा वित्तीय संस्थाको एक प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था,

(१३) बैङ्क वा वित्तीय संस्थाको एक प्रतिशतभन्दा कम शेयर स्वामित्व भए तापनि कम्तीमा एक जना सञ्चालक वा पदाधिकारी मनोनीत

गर्ने वा अन्य किसिमबाट बैङ्क वा वित्तीय संस्थाको नियन्त्रण गर्ने फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थाको सञ्चालक, पदाधिकारी वा निजको परिवार,

(१४) बैङ्क वा वित्तीय संस्थाको निर्णय प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न मुख्य (पेरेन्ट) कम्पनीको पदाधिकारी,

(१५) बैङ्क वा वित्तीय संस्थाले एकल वा संयुक्त रुपमा वा अन्य प्राकृतिक वा कानूनी व्यक्तिमार्फत दश प्रतिशत वा सोभन्दा बढी शेयर पुँजी लिएको फर्म, कम्पनी वा संस्था,

(१६) बैङ्क वा वित्तीय संस्थाले कुनै फर्म, कम्पनी वा संस्थामा एकल वा संयुक्त रुपमा दश प्रतिशतभन्दा कम शेयर लिएको भए तापनि बैङ्क वा वित्तीय संस्थाले कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको फर्म, कम्पनी वा संस्था,

(१७) बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनीको कार्यकारी प्रमुख,

सञ्चालक वा व्यवस्थापन तहको पदाधिकारी,

(१८) राष्ट्र बैङ्कले तोकेको अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्था, र

(१९) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेको बैङ्क वा वित्तीय संस्थाको हकमा राष्ट्र बैङ्कले तोके बमोजिमको व्यक्ति।"

(१६) खण्ड (कब) पछि देहायको खण्ड (कब१) थपिएको छः-

"(कब१) "सुरक्षण" वा "धितो सुरक्षण" भन्नाले बैङ्क वा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको सुरक्षण बापत बैङ्क वा वित्तीय संस्थाको नाममा सुरक्षण पारित भएको, रोक्का रहेको, बन्धकी, हाइपोथिकेशन वा धितो धरौट (प्लेज) गरिएको चल, अचल वा अमूर्त सम्पत्ति, आसामी बाँकी, मिल मेशिनरी, सवारी साधन वा परियोजना सम्झनु पर्छ र सो शब्दले कर्जा चुक्ताको लागि गरिएको वचनबद्धता वा जमानत लगायत राष्ट्र बैङ्कले समय समयमा धितो सुरक्षण भनी तोकेका अन्य सुरक्षण समेतलाई जनाउँछ।"

३. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

“(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि "घ" वर्गको वित्तीय संस्थाले उपदफा (१) बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्टयाएको शेयरलाई शतप्रतिशत मानी त्यस्तो शेयरमध्येबाट कम्तीमा चालिस प्रतिशतसम्म शेयर आफ्ना ऋणी सदस्यको लागि छुट्टयाउनु पर्नेछ।”

४. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

“(३) उपदफा (२) बमोजिम जफत गरिएको धितोपत्र बिक्री वितरणबाट प्राप्त रकम राष्ट्र बैङ्कले तोकेको कोषमा जम्मा गर्नु पर्नेछ।”

५. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को,-

(१) उपदफा (२) को खण्ड (घ) झिकिएको छ।

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

“(२क) महिला शेयरधनी रहेको बैङ्क वा वित्तीय संस्थाको सञ्चालकको नियुक्ति गर्दा कम्तीमा एक जना महिला सञ्चालक हुने गरी नियुक्ति गर्नु पर्नेछ।”

(३) उपदफा (३) मा रहेका "कम्तीमा एक जना" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राखिएका छन्।

६. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः–

“१५. **सञ्चालकको पदावधिः** (१) सञ्चालकको पदावधि नियमावलीमा व्यवस्था भए बमोजिम बढीमा चार वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चालक आफ्नो पदावधि समाप्त भएपछि अर्को एक अवधिको लागि सञ्चालक पदमा पुनः नियुक्त हुन सक्नेछ।

तर स्वतन्त्र सञ्चालक पुनः नियुक्त हुन सक्ने छैन।”

७. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६. **सञ्चालकको योग्यताः** (१) देहाय बमोजिमको योग्यता भएको व्यक्ति सञ्चालकको पदमा नियुक्तिको लागि योग्य हुनेछः-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट तोकिए बमोजिमका विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको, वा

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको र स्वदेशी वा विदेशी बैङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा

पदाधिकारी तहमा वा नेपाल सरकार वा सङ्गठित संस्थाको अधिकृतस्तरमा कम्तीमा पाँच वर्ष काम गरेको।

तर “घ” वर्गको वित्तीय संस्थाको हकमा स्नातकोपाधि हासिल गरेको र स्वदेशी वा विदेशी बैङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकार वा सङ्गठित संस्थाको अधिकृतस्तरमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति सञ्चालक हुन बाधा परेको मानिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क तथा वित्तीय संस्थाको स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त हुने व्यक्तिको योग्यता दफा १७ मा व्यवस्था भए बमोजिम हुनेछ।"

८. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को उपदफा (१) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) पच्चिस वर्ष उमेर पूरा नभएको र सत्तरी वर्ष उमेर नाघेको,"

(२) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) सम्बद्ध व्यक्ति वा निजको परिवार वा निज र निजको परिवार सम्बद्ध कम्पनी वा संस्थाले लिएको कुल व्यावसायिक ऋण निज सञ्चालक हुन चाहेको बैङ्क वा वित्तीय संस्थाको चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी भएको,"

(३) खण्ड (ठ) मा रहेका "भ्रष्टाचार, " भन्ने शब्दको सट्टा "भ्रष्टाचार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग " भन्ने शब्दहरू राखिएको छ।

९. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ को उपदफा (१) को खण्ड (ग) सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) सञ्चालकले आफ्नो पदबाट राजीनामा दिएमा,"

१०. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सञ्चालक समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ।"

११. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ को उपदफा (३) मा रहेका "आन्तरिक नियन्त्रण" भन्ने शब्दहरु पछि "र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानून बमोजिमको कार्य" भन्ने शब्दहरु थपिएका छन्।

१२. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को उपदफा (५) को खण्ड (क) मा रहेका "उपाधि हासिल गरेको," भन्ने शब्दहरु पछि "वा" भन्ने शब्द थपिएको छ।

१३. **<u>मूल ऐनको दफा ३० मा संशोधनः</u>** मूल ऐनको दफा ३० को उपदफा (१) को,-

(१) खण्ड (ङ) मा रहेका "यस ऐन" भन्ने शब्दहरुको सट्टा "यस ऐन, अन्य प्रचलित कानून" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (च) मा रहेका "यस ऐन," भन्ने शब्दहरुको सट्टा "यस ऐन, अन्य प्रचलित कानून," भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-

"(झ) राष्ट्र बैङ्कले समय समयमा जारी गरेका नीति, परिपत्र, निर्देशन, सूचना सञ्चालक समितिलाई जानकारी गराउने।"

१४. **<u>मूल ऐनको दफा ३२ मा संशोधनः</u>** मूल ऐनको दफा ३२ को उपदफा (२) मा रहेका "दफा ४९ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "दफा ४९ वा ४९क. बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

१५. **<u>मूल ऐनको दफा ४१ मा संशोधनः</u>** मूल ऐनको दफा ४१ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै एक बैङ्क वा वित्तीय संस्थाको चुक्ता पुँजीको बढीमा पन्ध्र प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ।"

१६. **<u>मूल ऐनको दफा ४९ मा संशोधनः</u>** मूल ऐनको दफा ४९ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (त) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरु पछि "वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकार" भन्ने शब्दहरु थपिएका छन्।

(ख) खण्ड (म) मा रहेका "दुई पक्षको सहमतिमा जमानी बस्ने," भन्ने शब्दहरुको सट्टा "दुई पक्षको सहमतिमा जमानी बस्ने, कस्टडीयन सेवा प्रदान गर्ने तथा एस्क्रो खाता र ट्रष्टी खाता सञ्चालन गर्ने," भन्ने शब्दहरु राखी देहायको स्पष्टीकरण थपिएको छः-

"<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि,-

(क) "कस्टडीयन सेवा" भन्नाले आफ्नो ग्राहकको वित्तीय सम्पत्ति भौतिक रुपमा संरक्षण गरी बैङ्क वा वित्तीय संस्थामा राख्ने कार्य सम्झनु पर्छ।

(ख) "एस्क्रो खाता" भन्नाले दुई वा दुईभन्दा बढी पक्षको तर्फबाट निश्चित सर्त पूरा भएपछि सो खाताबाट भुक्तानी प्रदान गर्ने गरी खाता सञ्चालन गर्न अधिकारप्राप्त खाता सम्झनु पर्छ।"

(ग) खण्ड (म) पछि देहायको खण्ड (म१) थपिएको छः-

"(म१) डिजिटल मुद्रा स्वीकार गर्ने तथा भुक्तानी दिने,"

(२) उपदफा (२) र (३) मा रहेका "(प) र (भ) मा उल्लिखित" भन्ने शब्दहरुको सट्टा "(प), (भ) र (म१) मा उल्लिखित" भन्ने शब्दहरु राखिएका छन्।

१७. <u>**मूल ऐनमा दफा ४९क. थपः**</u> मूल ऐनको दफा ४९ पछि देहायको दफा ४९क. थपिएको छः-

"४९क. <u>**डिजिटल बैङ्कले बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेः**</u> यो ऐन, अन्य प्रचलित कानून, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैङ्कले तोकेको सीमा, सर्त वा निर्देशनको अधीनमा रही डिजिटल बैङ्कले राष्ट्र बैङ्कले तोके बमोजिमको निक्षेप लिने, कर्जा प्रवाह गर्ने

समेतका बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेछ।"

१८. <u>**मूल ऐनको दफा ५० मा संशोधनः**</u> मूल ऐनको दफा ५० को उपदफा (१) को खण्ड (च) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर कृषि, पर्यटन, उर्जा, पूर्वाधारजस्ता नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका खास खास क्षेत्रमा लगानी हुने गरी राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरी निष्कासन हुने विशिष्ट प्रकृतिको ऋणपत्रमा लगानी गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।"

१९. <u>**मूल ऐनको दफा ५२ मा संशोधनः**</u> मूल ऐनको दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छः-

"५२. <u>**कारोबार तथा कुनै काम गर्न नपाउनेः**</u> (१) बैङ्क वा वित्तीय संस्थाले आफूसँग सम्बद्ध व्यक्ति वा कुनै बैङ्कमा उल्लेख्य स्वामित्व भएको व्यक्तिलाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न पाउने छैन।

तर शतप्रतिशत नगद मार्जिनमा जमानत जारी गर्न, इजाजतपत्रप्राप्त संस्थाको आफ्नै मुद्दति रसिद तथा नेपाल सरकार वा राष्ट्र बैङ्कको ऋणपत्रको धितोमा सम्बद्ध व्यक्तिको रुपमा घोषणा गरी कर्जा प्रदान गर्न वा राष्ट्र बैङ्कले तोकेका घरायसी कर्जा प्रदान गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(२) सम्बद्ध व्यक्तिले आफू सम्बद्ध बैङ्क वा वित्तीय संस्थाको कानूनी, राजस्व, लेखा वा

व्यवस्थापन परामर्शदाता, धितो मूल्याङ्कनकर्ता वा लेखापरीक्षकको हैसियतमा काम गर्न पाउने छैन।"

२०. **<u>मूल ऐनमा दफा ५२क. थपः</u>** मूल ऐनको दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छः-

**"५२क. <u>सम्बद्ध व्यक्तिको सूची तयार गर्नु पर्नेः</u>** (१) बैङ्क वा वित्तीय संस्थाले संस्थापना हुँदाका बखत सम्बद्ध व्यक्तिको सूची तयार गरी सोको जानकारी राष्ट्र बैङ्कलाई दिनु पर्नेछ।

(२) यो दफा प्रारम्भ हुनुभन्दा अघि संस्थापना भएको बैङ्क वा वित्तीय संस्थाले यो दफा प्रारम्भ भएको आर्थिक वर्ष समाप्त भएको मितिले पैँतिस दिनभित्र सम्बद्ध व्यक्तिको सूची तयार गरी राष्ट्र बैङ्कमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम बैङ्क वा वित्तीय संस्थाले तयार गरेको सम्बद्ध व्यक्तिको सूची प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पैँतिस दिनभित्र अद्यावधिक गरी राष्ट्र बैङ्कमा पेस गर्नु पर्नेछ र त्यस्तो सूचीमा कुनै परिवर्तन भएमा परिवर्तन भएको मितिले पैँतिस दिनभित्र राष्ट्र बैङ्कलाई जानकारी गराउनु पर्नेछ।"

२१. **<u>मूल ऐनको दफा ५६ मा संशोधनः</u>** मूल ऐनको दफा ५६ मा रहेको "नियमित" भन्ने शब्दको सट्टा "अर्धवार्षिक रुपमा" भन्ने शब्दहरु राखिएका छन्।

२२. **<u>मूल ऐनको दफा ५७ मा संशोधनः</u>** मूल ऐनको दफा ५७ को,–

(१) उपदफा (३) मा रहेका “अन्य चल अचल सम्पत्तिबाट” भन्ने शब्दहरुको सट्टा “अन्य चल, अचल सम्पत्ति रोक्का राखी त्यस्तो सम्पत्तिबाट” भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (७) मा रहेका “आफ्नो स्वामित्वमा लिन” भन्ने शब्दहरु पछि “वा सकार गर्न” भन्ने शब्दहरु थपिएका छन्।

(३) उपदफा (१३) को ठाउँ ठाउँमा रहेको "ऋणी" भन्ने शब्दको सट्टा "ऋणी तथा व्यक्तिगत जमानतकर्ता” भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (१४) पछि देहायका उपदफा (१५) र (१६) थपिएका छन्:-

“(१५) नेपाल सरकार, प्रदेश सरकार वा राष्ट्र बैङ्कले प्राथमिकताप्राप्त क्षेत्र भनी वा कुनै सहुलियत दिई प्रवाह गरेको कर्जा ऋणीले दुरुपयोग वा अपचलन गरेमा वा त्यस्तो ऋणीले तिर्नु वा बुझाउनु पर्ने राजस्व वा शुल्क छल्ने उद्देश्यले कुनै कार्य गरेको पाइएमा सम्बन्धित बैङ्क वा वित्तीय संस्थाले त्यस्तो कर्जा बापत निजले पाएको छुट व्याज वा अन्य सहुलियतलाई साँवा कायम गरी त्यस्तो साँवाको सम्पूर्ण अवधिको व्याज तथा हर्जाना समेत असुल गरी सम्बन्धित ऋणीले जुन निकायबाट त्यस्तो छुट वा सहुलियत प्राप्त गरेको हो सोही निकायलाई फिर्ता गर्नु पर्नेछ।

(१६) कर्जा असुलीको प्रक्रियामा धितोको सम्पत्ति वा सुरक्षण बोलकबोलको माध्यमबाट लिलामी गर्दा सम्बन्धित बोलकबोलवाला व्यक्ति वा संस्थाको नाममा नै त्यस्तो सम्पत्तिको स्वामित्व तथा भोगाधिकार हस्तान्तरण गर्नु पर्नेछ।

तर बोलकबोलवाला व्यक्तिको मृत्यु भएमा त्यस्तो व्यक्तिको हकवालाको नाममा त्यस्तो सम्पत्तिको स्वामित्व तथा भोगाधिकार हस्तान्तरण गर्न बाधा पर्ने छैन।"

२३. **<u>मूल ऐनको दफा ६० मा संशोधनः</u>** मूल ऐनको दफा ६० को उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर सञ्चालक समितिबाट हुने निर्णय प्रक्रियामा सहभागी हुन यस व्यवस्थाले बाधा पुगेको मानिने छैन।"

२४. **<u>मूल ऐनको दफा ८१ मा संशोधनः</u>** मूल ऐनको दफा ८१ को उपदफा (७) मा रहेका "पारिश्रमिक तथा सेवा सुविधा" भन्ने शब्दहरुको सट्टा "पारिश्रमिक, सेवा सुविधा तथा कार्य अवधि" भन्ने शब्दहरु राखिएका छन्।

२५. **<u>मूल ऐनको दफा ९४ मा संशोधनः</u>** मूल ऐनको दफा ९४ को उपदफा (१) को,–

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) प्राकृतिक व्यक्तिको निक्षेप,"

(२) खण्ड (ख) मा रहेका "त्यस्तो रकम निक्षेप रकम कानून बमोजिम स्थापना भएको निक्षेप बिमा सुरक्षण

गर्ने संस्थालाई" भन्ने शब्दहरुको सट्टा "त्यस्तो रकम कानून बमोजिम स्थापना भएको निक्षेप बिमा सुरक्षण गर्ने संस्थाले" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) ट्रष्टी खाताको हकमा सो खातामा रहेको रकम,"

(४) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) खण्ड (क१), (ख) र (ख१) बमोजिम भुक्तानी भई बाँकी हुन आएको अन्य निक्षेप,"

(५) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) कर्मचारी, पदाधिकारी र प्रचलित कानून बमोजिमका शेयरधनीहरु।"

२६. **<u>मूल ऐनको दफा ९९ मा संशोधनः</u>** मूल ऐनको दफा ९९ को उपदफा (३) को,-

(१) खण्ड (क) मा रहेका "बिक्री गर्न" भन्ने शब्दहरुको सट्टा "बिक्री गर्न वा शेयर बिक्री भइसकेको अवस्थामा सो बिक्री भइसकेको शेयर बराबरको रकम असुल उपर गर्न" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ङ) मा रहेका "वित्तीय संस्थाले" भन्ने शब्दहरुको सट्टा "वित्तीय संस्थाको संस्थापक,

शेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी वा अन्य कुनै सम्बद्ध व्यक्तिले" भन्ने शब्दहरु राखिएका छन्।

२७. **<u>मूल ऐनको दफा ११० मा संशोधनः</u>** मूल ऐनको दफा ११० को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट खाता रोक्का राख्न लेखी आएमा।"

२८. **<u>मूल ऐनको दफा १११ मा संशोधनः</u>** मूल ऐनको दफा १११ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको भए सो निक्षेप त्यसरी इच्छ्याइएको व्यक्तिले पाउनेछ। निजले कसैलाई इच्छ्याएको नभएमा वा इच्छ्याइएको व्यक्तिको पनि निक्षेप राख्ने व्यक्तिको भन्दा पहिले नै मृत्यु भइसकेको रहेछ भने त्यस्तो निक्षेप अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ।"

(२) उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिमको प्राथमिकता क्रममा कोही व्यक्ति नभई" भन्ने शब्दहरु झिकिएका छन्।

२९. **<u>मूल ऐनको दफा ११२ मा संशोधनः</u>** मूल ऐनको दफा ११२ को,–

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

“(३) उपदफा (१) बमोजिमको रकम बीस वर्षसम्म लिन वा बुझ्न नआएमा सम्बन्धित बैङ्क वा वित्तीय संस्थालाई त्यस्तो रकम राष्ट्र बैङ्कले तोकेको कोषमा जम्मा गर्न निर्देशन दिन सक्नेछ।”

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

“(४) उपदफा (३) बमोजिमको कोषमा जम्मा भएको रकम कसैले प्रमाण सहित दाबी गर्न आएमा बैङ्क वा वित्तीय संस्थाले त्यस्तो रकम सम्बन्धित निक्षेपकर्तालाई भुक्तानी दिई सोको सोधभर्ना माग गरेमा राष्ट्र बैङ्कले सोधभर्ना गर्नेछ।”

३०. **<u>मूल ऐनको दफा १२४ मा संशोधनः</u>** मूल ऐनको दफा १२४ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका “लापरबाही वा बदनियतबाट” भन्ने शब्दहरु पछि “वा आफूलाई प्राप्त अख्तियारी भन्दा बाहिर गई” भन्ने शब्दहरु थपिएका छन्।

३१. **<u>मूल ऐनको दफा १२९ मा संशोधनः</u>** मूल ऐनको दफा १२९ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

“(३) यस ऐन बमोजिम स्थापना भएको बैङ्क वा वित्तीय संस्थाको लगानीमा स्थापना भएको सहायक

कम्पनीको समष्टिगत निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धित नियामक निकायको समन्वयमा राष्ट्र बैङ्कले गर्न सक्नेछ।”

# बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (क) मा संशोधन | (क) "अदालत" भन्नाले नेपाल सरकारले **सर्वोच्च अदालतको सहमति लिई** नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालतको वाणिज्य इजलाश सम्झनुपर्छ। | (क) "अदालत" भन्नाले नेपाल सरकारले **न्याय परिषद्को परामर्शमा** नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालतको वाणिज्य इजलाश सम्झनु पर्छ। | नेपालको संविधान बमोजिम न्याय परिषद्को सिफारिसमा न्यायाधीश नियुक्ति हुने व्यवस्था भएकाले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | दफा २ को खण्ड (ख) मा संशोधन | (ख) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ र **सो शब्दले कार्यकारी अध्यक्ष समेतलाई जनाउँछ।** | (ख) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ। | "अध्यक्ष" को परिभाषामा कार्यकारी अध्यक्ष हटाएको। |
| | दफा २ को खण्ड (च) मा संशोधन | (च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्लै वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजीको **दुई प्रतिशत** वा सोभन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैङ्क वा वित्तीय संस्थाको | (च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्लै वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजीको **एक प्रतिशत** वा सोभन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापनमा प्रभाव पार्न | उल्लेख्य स्वामित्वको प्रतिशत कम गर्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | व्यवस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनु पर्छ। | सक्ने अवस्था सम्झनु पर्छ। | |
| | दफा २ को खण्ड (छ) को सट्टा खण्ड (छ) | (छ) “ऋणी” भन्नाले बैङ्क वा वित्तीय संस्थाबाट कर्जा लिने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ। | (छ) “ऋणी” भन्नाले बैङ्क वा वित्तीय संस्थाबाट कर्जा लिने वा बैङ्कले जारी गरेको क्रेडिट कार्ड वा त्यस्तै प्रकृतिको अन्य उपकरण धारण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ। | ऋणीको परिभाषा विस्तृत बनाई थप स्पस्ट गर्न आवश्यक भएकोले। |
| | दफा २ को खण्ड (झ) को सट्टा खण्ड (झ) | (झ) “कार्यकारी प्रमुख” भन्नाले बैङ्क वा वित्तीय संस्था सञ्चालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले बैङ्क वा वित्तीय संस्थाको कार्यकारी प्रमुखको रुपमा | (झ) “कार्यकारी प्रमुख” भन्नाले बैङ्क वा वित्तीय संस्थाको दैनिक कार्यसञ्चालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ। | कार्यकारी प्रमुखको परिभाषालाई समयानुकुल परिवर्तन गर्न आवश्यक |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | काम गर्ने कार्यकारी अध्यक्ष र प्रबन्ध सञ्चालक समेतलाई जनाउँछ। | | भएकोले। |
| | दफा २ को खण्ड (ण) पछि खण्ड (ण१) थप। | साविकमा नभएको। | (ण१) "डिजिटल मुद्रा" भन्नाले राष्ट्र बैङ्कबाट जारी भएको डिजिटल मुद्रा सम्झनु पर्छ। | डिजिटल मुद्रालाई परिभाषित गर्न आवश्यक भएकोले। |
| | दफा २ को खण्ड (थ) पछि खण्ड (थ१) थप। | साविकमा नभएको। | (थ१) "धितो" भन्नाले ऋणीले बैङ्क वा वित्तीय संस्थाबाट लिएको कर्जाको सुरक्षण बापत बैङ्कलाई उपलब्ध गराएको सम्पत्ति सम्झनु पर्छ। | "धितो" लाई परिभाषित गर्न आवश्यक भएकोले। |
| | दफा २ को खण्ड | (न) "निक्षेप" भन्नाले ब्याज वा विना | (न) "निक्षेप" भन्नाले ब्याज वा विना ब्याज दिने | विद्युतीय |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | (न) मा संशोधन | ब्याज दिने गरी बैङ्क वा वित्तीय संस्थाको चल्ती, बचत वा मुद्दती खातामा ग्राहक मार्फत जम्मा भएको रकम सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैङ्कले समय समयमा निर्धारण गरे बमोजिम बैङ्क वा वित्तीय संस्थाले विभिन्न बैंकिङ्ग तथा वित्तीय उपकरणको माध्यमबाट **स्वीकार गरेको रकम** समेतलाई जनाउँछ। | गरी बैङ्क वा वित्तीय संस्थाको चल्ती, बचत वा मुद्दती खातामा ग्राहक मार्फत जम्मा भएको रकम सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैङ्कले समय समयमा निर्धारण गरे बमोजिम बैङ्क वा वित्तीय संस्थाले विभिन्न बैंकिङ्ग तथा वित्तीय उपकरणको माध्यमबाट स्वीकार गरेको रकम **वा विद्युतीय माध्यमबाट जम्मा गरेको रकम** समेतलाई जनाउँछ। | माध्यमबाट गर्ने कार्यलाई कानूनी वैद्यता दिन आवश्यक भएकोले। |
| | दफा २ को खण्ड (ब) मा संशोधन | (ब)"परिवार" भन्नाले सञ्चालकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र | (ब)"परिवार" भन्नाले सञ्चालकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु | हालको परिभाषाले सञ्चालकको परिवारलाई मात्र |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
| --- | --- | --- | --- | --- |
| | | आफूले पालनपोषण गर्नु पर्ने दाजु भाउजु, भाइ बुहारी र **दिदी बहिनी सम्झनु पर्छ।**<br>तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन। | भाउजु, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्छ **र सो शब्दले विवाहित महिलाको हकमा निजको सासु, ससुरा समेतलाई जनाउँछ।**<br>तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन। | समेटेकोले सोलाई स्पष्ट र फराकिलो पार्न आवश्यक भएकोले। |
| | दफा २ को खण्ड (ह) मा संशोधन | (ह) "बैङ्क" भन्नाले दफा ४९ को उपदफा (१) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपालमा रहेको विदेशी बैङ्कको | (ह) "बैङ्क" भन्नाले दफा ४९ को उपदफा (१) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपालमा रहेको विदेशी बैङ्कको शाखा कार्यालय, नेपालमा स्थापित बैङ्कले नेपाल बाहिर | डिजिटल बैङ्कलाई समेत बैङ्कको परिभाषा भित्र समेट्नु पर्ने भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | शाखा कार्यालय, नेपालमा स्थापित बैङ्कले नेपाल बाहिर खोलेको शाखा कार्यालय तथा दफा ४९ को उपदफा (५) बमोजिम कार्य गर्ने **पूर्वाधार विकास बैङ्क र सोको शाखा कार्यालय समेतलाई जनाउँछ।** | खोलेको शाखा कार्यालय तथा दफा ४९ को उपदफा (५) बमोजिम कार्य गर्ने **पूर्वाधार विकास बैङ्क, सोको शाखा कार्यालय र दफा ४९क. बमोजिमको डिजिटल बैङ्क समेतलाई जनाउँछ।** | |
| | दफा २ को खण्ड (क्ष) मा संशोधन | (क्ष) "बैंकिङ्ग तथा वित्तीय कारोबार" भन्नाले **दफा ४९ बमोजिमको** बैंकिङ्ग तथा वित्तीय कारोबार सम्झनु पर्छ। | (क्ष) "बैंकिङ्ग तथा वित्तीय कारोबार" भन्नाले **दफा ४९ वा ४९क. बमोजिमको** बैंकिङ्ग तथा वित्तीय कारोबार सम्झनु पर्छ। | डिजिटल बैङ्कलाई समेत बैङ्कको परिभाषा भित्र समेट्नु पर्ने भएकोले। |
| | दफा २ को खण्ड | (कझ) "वित्तीय संस्था" भन्नाले दफा ४९ | (कझ) "वित्तीय संस्था" भन्नाले दफा ४९ को | वित्तीय संस्थाको |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | (कक्ष) मा संशोधन | को उपदफा (२), (३) वा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैङ्क, वित्त कम्पनी, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय समेतलाई जनाउँछ। | उपदफा (२), (३) वा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैङ्क, वित्त कम्पनी, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय **वा दफा ४९क. बमोजिमको डिजिटल बैङ्क** समेतलाई जनाउँछ। | परिभाषा थप विस्तृत स्पष्ट बनाउन आवश्यक भएकोले।। |
| | दफा २ को खण्ड (कञ) को सट्टा खण्ड (कञ) | (कञ)“वित्तीय स्वार्थ” भन्नाले सञ्चालक, एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख | (कञ) “वित्तीय स्वार्थ” भन्नाले सञ्चालक, एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्तो व्यक्तिको परिवार | “वित्तीय स्वार्थ” लाई थप स्पष्ट रुपमा परिभाषित |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | वा त्यस्तो व्यक्तिको परिवार वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, कम्पनी वा संगठित संस्थाले कुनै फर्म, कम्पनी वा संगठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशत वा सोभन्दा बढी हुने गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर खरिद गरेमा त्यस्तो व्यक्ति वा व्यक्तिहरुको दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेको संस्थामा रहेको निजहरुको स्वार्थ सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैङ्कले समय समयमा वित्तीय कारोबारको प्रकृति र अवस्था हेरी वित्तीय स्वार्थ भनी तोकिदिएको | वा सञ्चालक मनोनीत गर्ने अधिकार पाएको व्यक्ति, कम्पनी वा सङ्गठित संस्थाको कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशत वा सोभन्दा बढी हुने गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर स्वामित्व वा सो बमोजिमको हैसियत रहने गरी वास्तविक धनी रहेको संस्थामा रहेको निजहरुको स्वार्थ सम्झनु पर्छ र सो शब्दले एक प्रतिशतभन्दा कम शेयर लिएको सम्बद्ध व्यक्तिले अन्य कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशतभन्दा कम हुने गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर | गर्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | स्वार्थ समेतलाई जनाउँछ। | स्वामित्व लिएको भए तापनि त्यस्तो संस्थाको वित्तीय कारोबारको प्रकृति र अवस्था हेरी राष्ट्र बैङ्कले समय समयमा वित्तीय स्वार्थ भनी तोकिदिएको स्वार्थलाई समेत जनाउँछ। | |
| | दफा २ को खण्ड (कठ) मा संशोधन | (कठ) "विद्युतीय कारोबार" भन्नाले टेलिफोन, टेलेक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, **भुक्तानी दिने,** रकमान्तर गर्ने कारोबार सम्झनु पर्छ र सो शब्दले टर्मिनल, अटोमेटेड टेलर मेसिन र क्यास डिस्पेन्सिङ्ग मेसिनको माध्यमबाट हुने | (कठ) "विद्युतीय कारोबार" भन्नाले टेलिफोन, टेलेक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, **भुक्तानी दिने, कर्जा प्रवाह गर्ने वा** रकमान्तर गर्ने कारोबार सम्झनु पर्छ र सो शब्दले टर्मिनल, अटोमेटेड टेलर मेसिन र क्यास डिस्पेन्सिङ्ग मेसिनको माध्यमबाट हुने कारोबार, | "विद्युतीय कारोबार" को परिभाषामा विद्युतीय माध्यमबाट गरिने भुक्तानी तथा कर्जा प्रवाहलाई समेट्न आवश्यक |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | कारोबार, चार्ज कार्ड, डेबिट वा क्रेडिट कार्डबाट हुने कारोबार समेतलाई जनाउँछ। | चार्ज कार्ड, डेबिट वा क्रेडिट कार्डबाट हुने कारोबार समेतलाई जनाउँछ। | भएकोले। |
| | दफा २ को खण्ड (कन) को सट्टा खण्ड (कन) | (कन) "सम्बद्ध व्यक्ति" भन्नाले बैङ्क वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा निजको परिवारको उल्लेख्य स्वामित्व रहेको कुनै फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थामा उल्लेख्य स्वामित्व रहेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था वा सोमा उल्लेख्य स्वामित्व राख्ने सोको हिताधिकारी सम्झनु पर्छ। | (कन) "सम्बद्ध व्यक्ति" भन्नाले देहाय बमोजिमको व्यक्ति सम्झनु पर्छः-<br>(१) बैङ्क वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, पदाधिकारी वा निजको परिवार, त्यस्तो संस्थापक, सञ्चालक, पदाधिकारी वा निजको परिवारको एकल वा संयुक्त रुपमा कम्तीमा दश प्रतिशत शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था,<br>(२) खण्ड (१) बमोजिमको फर्म, कम्पनी वा | "सम्बद्ध व्यक्ति" लाई विस्तृत रुपमा परिभाषित गर्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | संस्थामा एकल वा संयुक्त रुपमा कम्तीमा दश प्रतिशत शेयर स्वामित्व भएको अन्य फर्म, कम्पनी वा संस्था,<br>(३) बैङ्क वा वित्तीय संस्थाको पदाधिकारीले अन्य कुनै फर्म, कम्पनी वा संस्थामा कार्यकारी प्रमुख, सञ्चालक वा साझेदार भई वा व्यवस्थापन तहमा कार्य गर्ने वा त्यस्तो फर्म, कम्पनी वा संस्थामा कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको फर्म, कम्पनी वा संस्था,<br>(४) बैङ्क वा वित्तीय संस्थामा कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको फर्म, कम्पनी वा संस्थामा कम्तीमा दश प्रतिशत शेयर स्वामित्व भएको फर्म, कम्पनी वा | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थाको सञ्चालक, पदाधिकारी वा शेयरधनी,<br>(५) बैङ्क वा वित्तीय संस्थाको कार्यकारी प्रमुख, | |
| | | | (६) बैङ्क वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा संस्थापकले जमानत वा सुरक्षण प्रदान गरेका अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्था वा त्यस्तो जमानतको हिताधिकारी, , कम्पनी वा संस्था,<br>(७) बैङ्क वा वित्तीय संस्थामा प्रत्यक्ष वा अन्य प्राकृतिक वा कानूनी व्यक्तिमार्फत उल्लेख्य स्वामित्व भएको शेयरधनी वा शेयरधनीको समूह वा निजको परिवार, | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | (८) बैङ्क वा वित्तीय संस्थामा एकल वा संयुक्त रुपमा वा अन्य प्राकृतिक वा कानूनी व्यक्तिमार्फत उल्लेख्य स्वामित्व नभए तापनि बैङ्क वा वित्तीय संस्थामा कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको शेयरधनी वा निजको परिवार वा बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापनमा अन्य कुनै किसिमबाट प्रभाव पार्न सक्ने शेयरधनी वा निजको परिवार,<br>(९) बैङ्क वा वित्तीय संस्थामा उल्लेख्य स्वामित्व भएको शेयरधनी वा निजको परिवारको एकल वा संयुक्त रुपमा वा अन्य प्राकृतिक वा कानूनी व्यक्तिमार्फत दश प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व रहेको अन्य फर्म, कम्पनी वा संस्था वा | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | त्यस्तो शेयरधनीले कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको अन्य कुनै फर्म,<br>(१०) बैङ्क वा वित्तीय संस्थामा उल्लेख्य स्वामित्व रहेको फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थामा दश प्रतिशतभन्दा बढी शेयर स्वामित्व भएको शेयरधनी वा निजको परिवार,<br>(११) बैङ्क वा वित्तीय संस्थामा उल्लेख्य स्वामित्व रहेको शेयरधनी आफैं पदाधिकारीको रुपमा कार्यरत रहेको फर्म, कम्पनी वा संस्था,<br>(१२) एकल वा संयुक्त रुपमा बैङ्क वा वित्तीय संस्थाको एक प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था, | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | (१३) बैङ्क वा वित्तीय संस्थाको एक प्रतिशतभन्दा कम शेयर स्वामित्व भए तापनि कम्तीमा एक जना सञ्चालक वा पदाधिकारी मनोनीत गर्ने वा अन्य किसिमबाट बैङ्क वा वित्तीय संस्थाको नियन्त्रण गर्ने फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थाको सञ्चालक, पदाधिकारी वा निजको परिवार,<br>(१४) बैङ्क वा वित्तीय संस्थाको निर्णय प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न मुख्य (पेरेन्ट) कम्पनीको पदाधिकारी,<br>(१५) बैङ्क वा वित्तीय संस्थाले एकल वा संयुक्त रुपमा वा अन्य प्राकृतिक वा कानूनी व्यक्तिमार्फत दश प्रतिशत वा सोभन्दा बढी शेयर | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | पुँजी लिएको फर्म, कम्पनी वा संस्था,<br>(१६) बैङ्क वा वित्तीय संस्थाले कुनै फर्म, कम्पनी वा संस्थामा एकल वा संयुक्त रुपमा दश प्रतिशतभन्दा कम शेयर लिएको भए तापनि बैङ्क वा वित्तीय संस्थाले कम्तीमा एक जना सञ्चालक मनोनीत गर्ने वा हटाउने अधिकार भएको फर्म, कम्पनी वा संस्था,<br>(१७) बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनीको कार्यकारी प्रमुख, सञ्चालक वा व्यवस्थापन तहको पदाधिकारी,<br>(१८) राष्ट्र बैङ्कले तोकेको अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्था, र | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | (१९) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेको बैङ्क वा वित्तीय संस्थाको हकमा राष्ट्र बैङ्कले तोके बमोजिमको व्यक्ति।” | |
| | दफा २ को खण्ड (कब) पछि खण्ड (कब१) थप | साविकमा नभएको। | (कब१) “सुरक्षण” वा “धितो सुरक्षण” भन्नाले बैङ्क वा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको सुरक्षण बापत बैङ्क वा वित्तीय संस्थाको नाममा सुरक्षण पारित भएको, रोक्का रहेको, बन्धकी, हाइपोथिकेशन वा धितो धरौट (प्लेज) गरिएको चल, अचल वा अमूर्त सम्पत्ति, आसामी बाँकी, मिल मेशिनरी, सवारी साधन वा परियोजना सम्झनु पर्छ र सो शब्दले कर्जा चुक्ताको लागि गरिएको बचनबद्धता वा जमानत लगायत राष्ट्र | सुरक्षण” र “धितो सुरक्षण” शब्दहरुलाई परिभाषित गर्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | बैङ्कले समय समयमा धितो सुरक्षण भनी तोकेका अन्य सुरक्षण समेतलाई जनाउँछ। | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| २. | दफा ९ को उपदफा (७) पछि उपदफा (८) थप। | साविकमा नभएको। | (८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि "घ" वर्गको वित्तीय संस्थाले उपदफा (१) बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्ट्याएको शेयरलाई शतप्रतिशत मानी त्यस्तो शेयरमध्येबाट कम्तीमा चालीस प्रतिशतसम्म शेयर आफ्ना ऋणी सदस्यको लागि छुट्ट्याउनु पर्नेछ। | 'घ' वर्गका वित्तीय संस्थाले सर्वसाधारण शेयरको ४० प्रतिशतसम्म छुटयाउने व्यवस्था गर्न आवश्यक भएकोले। |
| ३. | दफा १२ को उपदफा (२) पछि उपदफा (३) थप। | साविकमा नभएको। | (३) उपदफा (२) बमोजिम जफत गरिएको धितोपत्र बिक्री वितरणबाट प्राप्त रकम राष्ट्र बैङ्कले तोकेको कोषमा जम्मा गर्नु पर्नेछ। | बिक्री वितरण गरेको रकम कोषमा दाखिला गर्ने व्यवस्था |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
| --- | --- | --- | --- | --- |
| | | | | गर्न। |
| ४. | दफा १४ को उपदफा (२) को खण्ड (घ) झिकिएको। | (घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बैङ्क वा वित्तीय संस्थामा सञ्चालक रहेको व्यक्ति पूर्वाधार विकास बैङ्कमा सञ्चालक हुन भने यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन। | झिकिएको छ। | कुनै पनि एकभन्दा बढी वित्तीय संस्थाको सञ्चालक हुन नपाउने व्यवस्था गर्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | दफा १४ को उपदफा (२) पछि उपदफा (२क) थप। | साविकमा नभएको। | (२क) महिला शेयरधनी रहेको बैङ्क वा वित्तीय संस्थाको सञ्चालकको नियुक्ति गर्दा कम्तीमा एक जना महिला सञ्चालक हुने गरी नियुक्ति गर्नु पर्नेछ। | महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न। |
| | दफा १४ को उपदफा (३) मा संशोधन। | (३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट **कम्तीमा एक जना** स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ।<br>तर बैङ्क वा वित्तीय संस्थाको संस्थापक, | (३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट **कम्तीमा एक जना महिला सहित दुई जना** स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ।<br>तर बैङ्क वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक | कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम स्वतन्त्र सञ्चालकको नियुक्ति साधारण सभाबाट गर्न उपयुक्त हुने, |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन। | वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन। | महिला सञ्चालक समितिमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न तथा रिक्त स्थान पूरा गर्न आवश्यक देखिएको। |
| ५. | दफा १५ को सट्टा दफा १५ राखिएको। | १५. **<u>सञ्चालकको पदावधिः</u>** (१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित | १५. **<u>सञ्चालकको पदावधिः</u>**- (१) सञ्चालकको पदावधि नियमावलीमा व्यवस्था भए बमोजिम बढीमा चार वर्षको हुनेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको | संस्थागत सुशासनको दृष्टिकोणले सञ्चालकको |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | हुन सक्नेछ।<br>तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ। | भए तापनि कुनै सञ्चालक आफ्नो पदावधि समाप्त भएपछि अर्को एक अवधिको लागि सञ्चालक पदमा पुनः नियुक्त हुन सक्नेछ।<br>तर स्वतन्त्र सञ्चालक पुनः नियुक्त हुन सक्ने छैन।" | कार्यकाल व्यवस्थित गर्न आवश्यक भएकोले। |
| ६. | दफा १६ को सट्टा दफा १६ राखिएको। | १६. <u>**सञ्चालकको योग्यताः**</u> (१) सञ्चालकको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनुपर्नेछः–<br>(क) विदेशी वा स्वदेशी बैङ्क वा वित्तीय | **१६ .<u>सञ्चालकको योग्यताः</u>** (१) देहाय बमोजिमको योग्यता भएको व्यक्ति सञ्चालकको पदमा नियुक्तिको लागि योग्य हुनेछः-<br>(क) मान्यताप्राप्त विश्वविद्यालयबाट तोकिए | बैङ्क तथा वित्तीय संस्थाको संचालकको |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा<br>(ख) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा<br>(ग) तोकिए बमोजिम सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल | बमोजिमका विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको, वा<br>(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको र स्वदेशी वा विदेशी बैङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकार वा सङ्गठित संस्थाको अधिकृतस्तरमा कम्तीमा पाँच वर्ष काम गरेको।<br>तर "घ" वर्गको वित्तीय संस्थाको हकमा स्नातकोपाधि हासिल गरेको र स्वदेशी वा विदेशी बैङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकार वा सङ्गठित | योग्यता सम्बन्धी व्यवस्था स्पष्ट गर्न र योग्य व्यक्तिहरुको संस्थामा आकर्षण बढाउन आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | गरेको।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि "घ" वर्गको वित्तीय संस्थाको सञ्चालकको शैक्षिक योग्यता तथा अनुभव राष्ट्र बैङ्कले समय समयमा तोके बमोजिम हुनेछ।<br>तर स्वतन्त्र सञ्चालकको योग्यता दफा १७ बमोजिम हुनेछ। | संस्थाको अधिकृतस्तरमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति सञ्चालक हुन बाधा परेको मानिने छैन।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क तथा वित्तीय संस्थाको स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त हुने व्यक्तिको योग्यता दफा १७ मा व्यवस्था भए बमोजिम हुनेछ। | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ७. | दफा १८ को उपदफा (१) को खण्ड (क) को सट्टा खण्ड (क) राखिएको। | (क) २५ वर्ष उमेर पूरा नभएको, | (क) पच्चीस वर्ष उमेर पूरा नभएको र सत्तरी वर्ष उमेर नाघेको, | संचालकको मनोनीत वा निर्वाचित उमेर किटान गर्न आवश्यक भएकोले। |
| | दफा १८ को उपदफा (१) को खण्ड (च) पछि खण्ड (च१) थप। | साविकमा नभएको। | (च१) सम्बद्ध व्यक्ति वा निजको परिवार वा निज र निजको परिवार सम्बद्ध कम्पनी वा संस्थाले लिएको कुल व्यावसायिक ऋण निज सञ्चालक हुन चाहेको बैङ्क वा वित्तीय संस्थाको चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी भएको, | सम्बद्ध व्यक्ति वा निजको परिवारले व्यवसायिक ऋण लिएको सीमा यकिन गर्न आवश्यक भएको। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | दफा १८ को उपदफा (१) को खण्ड (ठ) मा संशोधन। | (ठ) चोरी, ठगी, किर्ते, जालसाजी, भ्रष्टाचार, नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुर वा बैंकिङ्ग कसुर गरेको अभियोगमा नेपाल वा विदेशी मुलुकको अदालतबाट कसुरदार ठहर भई सजाय भुक्तान भएको दश वर्ष अवधि व्यतित नभएको, | (ठ) चोरी, ठगी, किर्ते, जालसाजी, भ्रष्टाचार, **लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग,** नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुर वा बैंकिङ्ग कसुर गरेको अभियोगमा नेपाल वा विदेशी मुलुकको अदालतबाट कसुरदार ठहर भई सजाय भुक्तान भएको दश वर्ष अवधि व्यतित नभएको, | सञ्चालनको अयोग्यतामा लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग सम्बन्धी कसुर समेतलाई समावेश गर्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ८. | दफा १९ को उपदफा (१) को खण्ड (ग) को सट्टा खण्ड (ग) राखिएको। | (ग) सञ्चालकले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा, | (ग) सञ्चालकले आफ्नो पदबाट राजीनामा दिएमा, | सञ्चालकको पदमा बहाल रहन नसक्ने अवस्थालाई थप व्यवस्थि बनाउन आवश्यक भएको। |
| ९. | दफा २१ को उपदफा (१) को सट्टा उपदफा (१) राखिएको। | (१) सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्नेछ।<br>तर, दुई वटा बैठकको बीचको फरक साठी दिनभन्दा बढी हुने छैन। | (१) सञ्चालक समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ। | सञ्चालक समितिको बैठकलाई नियमित बनाउन। |
| १०. | दफा २३ को | (३) बैङ्क वा वित्तीय संस्थाको | (३) बैङ्क वा वित्तीय संस्थाको सञ्चालकले | सम्पत्ति शुद्धीकरण |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | उपदफा (३) मा संशोधन। | सञ्चालकले संस्थाको कुशल व्यावसायिक रणनीतिको अवलम्बन गरी जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण गर्ने सम्बन्धमा उत्तरदायित्व लिनु पर्नेछ। | संस्थाको कुशल व्यावसायिक रणनीतिको अवलम्बन गरी जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण **र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानून बमोजिमको कार्य** गर्ने सम्बन्धमा उत्तरदायित्व लिनु पर्नेछ। | निवारण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी रोकथाका लागि बैङ्क तथा वित्तीय संस्थाका सञ्चालकलाई जवाफदेही बनाउन आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ११. | दफा २९ को उपदफा (५) को खण्ड (क) मा संशोधन। | (क) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको, | (क) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको, **वा** | साविकको व्यवस्थामा "वा" छुटेको हुँदा संशोधन गर्न आवश्यक भएकोले। |
| १२. | दफा ३० को उपदफा (१)को खण्ड (ङ) मा संशोधन। | (ङ) **यस ऐन** र राष्ट्र बैङ्कको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र बैङ्क वा वित्तीय संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने, | (ङ) **यस ऐन, अन्य प्रचलित कानून** र राष्ट्र बैङ्कको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र बैङ्क वा वित्तीय संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने, | अन्य सम्बद्ध प्रचलित कानूनसँग तादम्यता मिलाउन आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | दफा ३० को उपदफा (१ )को खण्ड (च) मा संशोधन। | (च) **यस ऐन,** राष्ट्र बैङ्कको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैङ्क वा वित्तीय संस्थाले राष्ट्र बैङ्क वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने, | (च) **यस ऐन, अन्य प्रचलित कानून,** राष्ट्र बैङ्कको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैङ्क वा वित्तीय संस्थाले राष्ट्र बैङ्क वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने, | अन्य सम्बद्ध प्रचलित कानूनसँग तादम्यता मिलाउन। |
| | दफा ३० को उपदफा (१) को खण्ड (ज) पछि खण्ड (झ) थप। | साविकमा नभएको। | (झ) राष्ट्र बैङ्कले समय समयमा जारी गरेका नीति, परिपत्र, निर्देशन, सूचना सञ्चालक समितिलाई जानकारी गराउने। | राष्ट्र बैङ्कले जारी गरेका नीति, परिपत्र, निर्देशन, सूचना लगायतका सामयिक विषयवस्तुको |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | | बारेमा सञ्चालक समितिलाई जानकारी गराउन आवश्यक भएकोले। |
| १३. | दफा ३२ को उपदफा (२) मा संशोधन। | (२) यस ऐनको **दफा ४९ बमोजिमको** बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न इजाजतपत्र पाएको बैङ्क वा वित्तीय संस्था र नेपालमा शाखा कार्यालय खोल्ने विदेशी बैङ्क वा वित्तीय संस्था बाहेक अन्य कुनै पनि व्यक्ति, कम्पनी वा संस्थाले राष्ट्र बैङ्कबाट पूर्व स्वीकृति | (२) यस ऐनको **दफा ४९ वा ४९क बमोजिमको** बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न इजाजतपत्र पाएको बैङ्क वा वित्तीय संस्था र नेपालमा शाखा कार्यालय खोल्ने विदेशी बैङ्क वा वित्तीय संस्था बाहेक अन्य कुनै पनि व्यक्ति, कम्पनी वा संस्थाले राष्ट्र बैङ्कबाट पूर्व स्वीकृति नलिई आफ्नो नामसँग 'बैङ्क', 'बैंकिङ्ग', वित्त, | डिजिटल बैङ्कलाई बैङ्क वा वित्तीय संस्थाको नाम प्रयोग गर्ने अधिकार प्रदान गर्नका लागि आवश्यक |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | नलिई आफ्नो नामसँग 'बैङ्क', 'बैंकिङ्ग', वित्त, वित्तीय वा अन्य त्यस्तै अर्थ आउने संकेत, विशेषण वा त्यस्तै किसिमका अर्थ लाग्ने शब्द प्रयोग गर्न पाउने छैन। | वित्तीय वा अन्य त्यस्तै अर्थ आउने संकेत, विशेषण वा त्यस्तै किसिमका अर्थ लाग्ने शब्द प्रयोग गर्न पाउने छैन। | भएकोले। |
| १४. | दफा ४१ को उपदफा (३) मा संशोधन। | (३) राष्ट्र बैङ्कले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै एक बैङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजीको बढीमा पन्ध्र प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने व्यवस्था गर्न सक्नेछ। | (३) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै एक बैङ्क वा वित्तीय संस्थाको चुक्ता पुँजीको बढीमा पन्ध्र प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ। | बैङ्क वा वित्तीय संस्थामा गरिने लगानीको सीमालाई नियन्त्रित बनाउन। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
| --- | --- | --- | --- | --- |
| १५. | दफा ४९ को उपदफा (१) को खण्ड (त) मा संशोधन। | (त) नेपाल सरकार वा राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र खरिद–बिक्री गर्ने वा सकार गर्ने, | (त) नेपाल सरकार **वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकार** वा राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र खरिद–बिक्री गर्ने वा सकार गर्ने, | प्रदेश सरकारको व्यवस्था थप गर्न। |
| | दफा ४९ को उपदफा (१) को खण्ड (म) मा संशोधन। | (म) प्रचलित कानून बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीच हुने कुनै कार्य बापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न **दुई पक्षको सहमतिमा जमानी बस्ने,** | (म) प्रचलित कानून बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीच हुने कुनै कार्य बापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न **दुई पक्षको सहमतिमा जमानी बस्ने, कस्टडीयन सेवा प्रदान गर्ने तथा एस्क्रो खाता र ट्रष्टी खाता सञ्चालन गर्ने,** | “क” वर्गको बैङ्कलाई कस्टडियन सेवा प्रदान गर्ने तथा एस्क्रो खाता र ट्रस्टी खाता सञ्चालन गर्ने व्यवस्था प्रदान |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | **<u>स्पष्टीकरण:</u>** यस खण्डको प्रयोजनको लागि,-<br>(क) "कस्टडीयन सेवा" भन्नाले आफ्नो ग्राहकको वित्तीय सम्पत्ति भौतिक रुपमा संरक्षण गरी बैङ्क वा वित्तीय संस्थामा राख्ने कार्य सम्झनु पर्छ।<br>(ख) "एस्क्रो खाता" भन्नाले दुई वा दुईभन्दा बढी पक्षको तर्फबाट निश्चित शर्त पूरा भएपछि सो खाताबाट भुक्तानी प्रदान गर्ने गरी खाता सञ्चालन गर्न अधिकारप्राप्त खाता सम्झनु पर्छ। | गर्न। |
| | दफा ४९ को उपदफा (१) मा | साविकमा नभएको। | (म१) डिजिटल मुद्रा स्वीकार गर्ने तथा भुक्तानी दिने, | डिजिटल मुद्राको प्रयोग तथा प्रवर्द्धन |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | खण्ड (म) पछि खण्ड (म१) थप। | | | गर्न। |
| | दफा ४९ को उपदफा (२) र (३) मा संशोधन | (२) यो ऐन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैङ्कले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही "ख" वर्गको वित्तीय संस्थाले उपदफा (१) को खण्ड (क), (ख), (ग), (च), (ज), (झ), (ञ), (ट), (ढ), (त), (द), (ध), (न), **(प) र (भ) मा उल्लिखित** बैंकिङ्ग तथा वित्तीय कारोबारका अतिरिक्त देहाय बमोजिमको अन्य बैंकिङ्ग तथा वित्तीय कारोबार समेत | (२) यो ऐन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैङ्कले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही "ख" वर्गको वित्तीय संस्थाले उपदफा (१) को खण्ड (क), (ख), (ग), (च), (ज), (झ), (ञ), (ट), (ढ), (त), (द), (ध), (न), **(प), (भ) र (म१) मा उल्लिखित** बैंकिङ्ग तथा वित्तीय कारोबारका अतिरिक्त देहाय बमोजिमको अन्य बैंकिङ्ग तथा वित्तीय कारोबार समेत गर्न सक्नेछः—<br>(३) यो ऐन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र | वित्तीय संस्थाले डिजिटल मुद्राको कारोबार गर्न सक्ने व्यवस्था आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | गर्न सक्नेछः-<br><br>(३) यो ऐन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैङ्कले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही “ग” वर्गको वित्तीय संस्थाले उपदफा (१) को खण्ड (क), (ख), (च), (ज), (ञ), (ट), (त), (द), (न), **<u>(प) र (भ) मा उल्लिखित</u>** बैंकिङ्ग तथा वित्तीय कारोबारका अतिरिक्त देहाय बमोजिमको अन्य बैंकिङ्ग तथा वित्तीय कारोबार समेत गर्न सक्नेछः- | बैङ्कले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही “ग” वर्गको वित्तीय संस्थाले उपदफा (१) को खण्ड (क), (ख), (च), (ज), (ञ), (ट), (त), (द), (न), **<u>(प), (भ) र (म१) मा उल्लिखित</u>** बैंकिङ्ग तथा वित्तीय कारोबारका अतिरिक्त देहाय बमोजिमको अन्य बैंकिङ्ग तथा वित्तीय कारोबार समेत गर्न सक्नेछः- | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १६. | दफा ४९ पछि दफा ४९क. थप। | साविकमा नभएको। | ४९क .<u>**डिजिटल बैङ्कले बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेः**</u> यो ऐन, अन्य प्रचलित कानून, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैङ्कले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही डिजिटल बैङ्कले राष्ट्र बैङ्कले तोके बमोजिमको निक्षेप लिने, कर्जा प्रवाह गर्ने समेतका बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेछ। | डिजिटल बैङ्कले बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न अधिकार प्रदान गर्न आवश्यक भएकोले। |
| १७. | दफा ५० को उपदफा (१) को खण्ड (च) पछि प्रतिवन्धात्मक | (च) राष्ट्र बैङ्कबाट “क”, “ख” र “ग” वर्गमा वर्गीकृत बैङ्क वा वित्तीय संस्थाको धितोपत्रमा लगानी गर्न, | (च) राष्ट्र बैङ्कबाट “क”, “ख” र “ग” वर्गमा वर्गीकृत बैङ्क वा वित्तीय संस्थाको धितोपत्रमा लगानी गर्न, | नेपाल सरकारले आवश्यक ठानेका कृषि, पर्यटन, उर्जा, पूर्वाधार |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | वाक्यांश थप। | | तर कृषि, पर्यटन, उर्जा, पूर्वाधारजस्ता नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका खास खास क्षेत्रमा लगानी हुने गरी राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरी निष्कासन हुने विशिष्ट प्रकृतिको ऋणपत्रमा लगानी गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन। | जस्ता क्षेत्रमा लगानी गर्न ऋणपत्र सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन। |
| १८. | दफा ५२ को सट्टा दफा ५२ राखिएको। | ५२. सम्बद्ध व्यक्तिसँग कारोबार गर्न नपाउने: कुनै पनि बैङ्क वा वित्तीय संस्थाले सम्बद्ध व्यक्तिहरुलाई कुनै पनि कर्जा वा सुविधा दिन पाउने छैन। | ५२. कारोबार तथा कुनै काम गर्न नपाउने: (१) बैङ्क वा वित्तीय संस्थाले आफूसँग सम्बद्ध व्यक्ति वा कुनै बैङ्कमा उल्लेख्य स्वामित्व भएको व्यक्तिलाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न पाउने छैन। | आफूसँग सम्बद्ध व्यक्तिसङ्ग बैङ्क वा वित्तीय संस्थाको कारोबारलाई नियन्त्रित गर्न। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | तर शतप्रतिशत नगद मार्जिनमा जमानत जारी गर्न, इजाजतपत्रप्राप्त संस्थाको आफ्नै मुद्दति रसिद तथा नेपाल सरकार वा राष्ट्र बैङ्कको ऋणपत्रको धितोमा सम्बद्ध व्यक्तिको रुपमा घोषणा गरी कर्जा प्रदान गर्न वा राष्ट्र बैङ्कले तोकेका घरायसी कर्जा प्रदान गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।<br>(२) सम्बद्ध व्यक्तिले आफू सम्बद्ध बैङ्क वा वित्तीय संस्थाको कानूनी, राजस्व, लेखा वा व्यवस्थापन परामर्शदाता, धितो मूल्याङ्कनकर्ता वा लेखापरीक्षकको हैसियतमा काम गर्न पाउने छैन। | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १९. | दफा ५२ पछि दफा ५२क. थप। | साविकमा नभएको। | ५२क. <u>सम्बद्ध व्यक्तिको सूची तयार गर्नु पर्ने:</u> (१) बैङ्क वा वित्तीय संस्थाले संस्थापना हुँदाका बखत सम्बद्ध व्यक्तिको सूची तयार गरी सोको जानकारी राष्ट्र बैङ्कलाई दिनु पर्नेछ।<br>(२) यो दफा प्रारम्भ हुनुभन्दा अघि संस्थापना भएको बैङ्क वा वित्तीय संस्थाले यो दफा प्रारम्भ भएको आर्थिक वर्ष समाप्त भएको मितिले पैंतीस दिनभित्र सम्बद्ध व्यक्तिको सूची तयार गरी राष्ट्र बैङ्कमा पेश गर्नु पर्नेछ।<br>(३) उपदफा (१) वा (२) बमोजिम बैङ्क वा वित्तीय संस्थाले तयार गरेको | संस्थापना हुँदाका बखत सम्बद्ध रहेका व्यक्तिको सूची तयार गर्ने र राष्ट्र बैङ्कलाई जानकारी गराउने बैङ्क वा वित्तीय संस्थाको दायित्वका रुपमा थप गर्दै जवाफदेहिता बढाउन आवश्यक |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | सम्बद्ध व्यक्तिको सूची प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पैंतीस दिनभित्र अद्यावधिक गरी राष्ट्र बैङ्कमा पेश गर्नु पर्नेछ र त्यस्तो सूचीमा कुनै परिवर्तन भएमा परिवर्तन भएको मितिले पैंतीस दिनभित्र राष्ट्र बैङ्कलाई जानकारी गराउनु पर्नेछ।” | भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| २०. | दफा ५६ मा संशोधन | ५६. **कर्जा रकमको सदुपयोग सम्बन्धी अनुगमनः** बैङ्क वा वित्तीय संस्थाले जुन प्रयोजनको लागि ऋणीलाई कर्जा दिएको हो सो प्रयोजनमा ऋणीले कर्जा रकम सदुपयोग गरेको छ वा छैन भन्ने सम्बन्धमा अनुगमनको तालिका बनाई सो बमोजिम **नियमित** अनुगमन गर्नु पर्नेछ। | ५६. **कर्जा रकमको सदुपयोग सम्बन्धी अनुगमनः** बैङ्क वा वित्तीय संस्थाले जुन प्रयोजनको लागि ऋणीलाई कर्जा दिएको हो सो प्रयोजनमा ऋणीले कर्जा रकम सदुपयोग गरेको छ वा छैन भन्ने सम्बन्धमा अनुगमनको तालिका बनाई सो बमोजिम **अर्धवार्षिक रुपमा** अनुगमन गर्नु पर्नेछ। | कर्जा रकमको सदुपयोग सम्बन्धी अनुगमनलाई थप प्रभावकारी बनाउन आवश्यक भएकोले। |
| २१. | दफा ५७ को उपदफा (३) मा संशोधन। | (३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा राखेको धितो सुरक्षणबाट सावाँ ब्याज असुल उपर हुन | (३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा राखेको धितो सुरक्षणबाट सावाँ ब्याज असुल उपर हुन नसकेमा बैङ्क वा वित्तीय | ऋण रकम असुलीलाई प्रभावकारी बनाउन |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | नसकेमा बैङ्क वा वित्तीय संस्थाले ऋणीको स्वामित्वमा रहेको वा ऋणीको हक लाग्ने **अन्य चल अचल सम्पत्तिबाट** प्रचलित कानून बमोजिम आफ्नो सावाँ ब्याज असुल उपर गर्न सक्नेछ। | संस्थाले ऋणीको स्वामित्वमा रहेको वा ऋणीको हक लाग्ने **अन्य चल, अचल सम्पत्ति रोक्का राखी त्यस्तो सम्पत्तिबाट** प्रचलित कानून बमोजिम आफ्नो सावाँ ब्याज असुल उपर गर्न सक्नेछ। | आवश्यक भएकोले। |
| | दफा ५७ को उपदफा (७) मा संशोधन। | (७) यस दफा बमोजिम धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा त्यस्तो सम्पत्ति बैङ्क वा वित्तीय संस्थाले तोकिए बमोजिम आफ्नो स्वामित्वमा | (७) यस दफा बमोजिम धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा त्यस्तो सम्पत्ति बैङ्क वा वित्तीय संस्थाले तोकिए बमोजिम आफ्नो स्वामित्वमा लिन **वा सकार गर्न** सक्नेछ। | ऋण रकम असुलीलाई प्रभावकारी बनाउन आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | लिन सक्नेछ। | | |
| | दफा ५७ को उपदफा (१३) मा संशोधन। | (१३) यस दफा बमोजिम ऋण असुलीका सबै कारबाही चलाउँदा समेत ऋण असुली हुन नसकेमा सम्बन्धित बैङ्क वा वित्तीय संस्थाले **ऋणी**को राहदानी रोक्का तथा जफत गर्न र राज्यले प्रदान गर्ने कुनै सुविधाबाट सम्बन्धित **ऋणी**लाई वञ्चित गराउन आवश्यक व्यवस्थाका लागि राष्ट्र बैङ्क समक्ष अनुरोध गर्न सक्नेछ। त्यस्तो अनुरोध प्राप्त भएपछि राष्ट्र बैङ्कले आफ्नो | (१३) यस दफा बमोजिम ऋण असुलीका सबै कारबाही चलाउँदा समेत ऋण असुली हुन नसकेमा सम्बन्धित बैङ्क वा वित्तीय संस्थाले **ऋणी तथा व्यक्तिगत जमानकर्ता**को राहदानी रोक्का तथा जफत गर्न र राज्यले प्रदान गर्ने कुनै सुविधाबाट सम्बन्धित **ऋणी तथा व्यक्तिगत जमानकर्ता**लाई वञ्चित गराउन आवश्यक व्यवस्थाका लागि राष्ट्र बैङ्क समक्ष अनुरोध गर्न सक्नेछ। त्यस्तो अनुरोध प्राप्त भएपछि राष्ट्र बैङ्कले आफ्नो राय सहित आवश्यक कारबाहीको लागि नेपाल सरकार समक्ष पठाउनेछ। | ऋण असुली प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | राय सहित आवश्यक कारबाहीको लागि नेपाल सरकार समक्ष पठाउनेछ। | | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | दफा ५७ मा उपदफा (१५) र उपदफा (१६) थप। | साविकमा नभएको। | (१५) नेपाल सरकार, प्रदेश सरकार वा राष्ट्र बैङ्कले प्राथमिकताप्राप्त क्षेत्र भनी वा कुनै सहुलियत दिई प्रवाह गरेको कर्जा ऋणीले दुरुपयोग वा अपचलन गरेमा वा त्यस्तो ऋणीले तिर्नु वा बुझाउनु पर्ने राजस्व वा शुल्क छल्ने उद्देश्यले कुनै कार्य गरेको पाइएमा सम्बन्धित बैङ्क वा वित्तीय संस्थाले त्यस्तो कर्जा बापत निजले पाएको छुट व्याज वा अन्य सहुलियतलाई साँवा कायम गरी त्यस्तो साँवाको सम्पूर्ण अवधिको व्याज तथा हर्जाना समेत असुल गरी सम्बन्धित ऋणीले जुन निकायबाट त्यस्तो छुट वा सहुलियत प्राप्त गरेको हो सोही निकायलाई फिर्ता गर्नु पर्नेछ। | ऋण असुली प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | (१६) कर्जा असुलीको प्रक्रियामा धितोको सम्पत्ति वा सुरक्षण बोलकबोलको माध्यमबाट लिलामी गर्दा सम्बन्धित बोलकबोलवाला व्यक्ति वा संस्थाको नाममा नै त्यस्तो सम्पत्तिको स्वामित्व तथा भोगाधिकार हस्तान्तरण गर्नु पर्नेछ।<br>तर बोलकबोलवाला व्यक्तिको मृत्यु भएमा त्यस्तो व्यक्तिको हकवालाको नाममा त्यस्तो सम्पत्तिको स्वामित्व तथा भोगाधिकार हस्तान्तरण गर्न बाधा पर्ने छैन। | बोलकबोलको माध्यमबाट लिलामी गर्दा बोलकबोलवाला व्यक्तिको मृत्यु भएको अवस्थामा के हुने भन्ने विषयलाई थप स्पष्ट बनाउन। |
| २२. | दफा ६० को | (३) उपदफा (१) बमोजिमको | (३) उपदफा (१) बमोजिमको लेखापरीक्षण | उपदफा (३) ले |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | उपदफा (३) मा प्रतिवन्धात्मक थप। | लेखापरीक्षण समितिको सदस्य निक्षेप लिने, कर्जा दिने, धितोपत्रमा लगानी गर्ने, स्वीकृत बजेट खर्च गरी निर्णय लिनु पर्ने लगायतका नियमित दैनिक कारोबारमा संलग्न हुन पाउने छैन। | समितिको सदस्य निक्षेप लिने, कर्जा दिने, धितोपत्रमा लगानी गर्ने, स्वीकृत बजेट खर्च गरी निर्णय लिनु पर्ने लगायतका नियमित दैनिक कारोबारमा संलग्न हुन पाउने छैन।<br>**<u>तर सञ्चालक समितिबाट हुने निर्णय प्रक्रियामा सहभागी हुन यस व्यवस्थाले बाधा पुगेको मानिने छैन।</u>** | गरेको व्यवस्थालाई सञ्चालक समितिबाट हुने निर्णय प्रक्रियामा सहभागी हुने व्यवस्था। |
| २३. | दफा ८१ को उपदफा (७) मा संशोधन | (७) लिक्विडेटरको **<u>पारिश्रमिक तथा सेवा सुविधा</u>** राष्ट्र बैङ्कको सिफारिसमा अदालतले निर्धारण गरे बमोजिम हुनेछ। | (७) लिक्विडेटरको **<u>पारिश्रमिक, सेवा सुविधा तथा कार्य अवधि</u>** राष्ट्र बैङ्कको सिफारिसमा अदालतले निर्धारण गरे बमोजिम हुनेछ। | लिक्विडेटरको कार्यावधिको व्यवस्था निर्धारण |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | | गर्न। |
| २४. | दफा ९४ को उपदफा (१) को खण्ड (क) पछि खण्ड (क१) थप। | साविकमा नभएको। | (क१) प्राकृतिक व्यक्तिको निक्षेप, | प्राकृतिक व्यक्तिको निक्षेप सुरक्षणका लागि। |
| | दफा ९४ को उपदफा (१) को खण्ड (ख) मा संशोधन। | (ख) निक्षेपकर्ताको कुल स्वीकृत दाबी रकमको सीमामा नबढ्ने गरी प्रचलित कानून बमोजिम भएका निक्षेप बीमा सुरक्षणसम्मको रकम वा <u>**त्यस्तो रकम निक्षेप रकम कानून बमोजिम स्थापना**</u> | (ख) निक्षेपकर्ताको कुल स्वीकृत दाबी रकमको सीमामा नबढ्ने गरी प्रचलित कानून बमोजिम भएका निक्षेप बीमा सुरक्षणसम्मको रकम वा <u>**त्यस्तो रकम कानून बमोजिम स्थापना**</u> | मौजुदा व्यवस्थालाई थप स्पष्ट पार्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | भएको निक्षेप बीमा सुरक्षण गर्ने संस्थालाई भुक्तानी गरेको भए सो बराबरको रकम। | भएको निक्षेप बीमा सुरक्षण गर्ने संस्थाले भुक्तानी गरेको भए सो बराबरको रकम। | |
| | दफा ९४ को उपदफा (१) को खण्ड (ख) पछि खण्ड (ख१) थप। | साविकमा नभएको। | (ख१) ट्रष्टी खाताको हकमा सो खातामा रहेको रकम, | ट्रष्टी खातामा रहेको रकम संरक्षण गर्न। |
| | दफा ९४ को उपदफा (१) को खण्ड (ग) को सट्टा खण्ड (ग) | (ग) खण्ड (ख) बमोजिम भुक्तानी भई बाँकी हुन आएको निक्षेप, | (ग) खण्ड (क१), (ख) र (ख१) बमोजिम भुक्तानी भई बाँकी हुन आएको अन्य निक्षेप, | मौजुदा व्यवस्थालाई थप स्पष्ट पार्न आवश्यक |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | राखिएको। | | | भएकोले। |
| | दफा ९४ को उपदफा (१) को खण्ड (ज) को सट्टा खण्ड (ज) राखिएको। | (ज) प्रचलित कानून बमोजिमका शेयरधनीहरु। | (ज) कर्मचारी, पदाधिकारी र प्रचलित कानून बमोजिमका शेयरधनीहरु। | दायित्व भुक्तनीको प्राथमिकताक्रमलाई थप व्यवस्थित बनाउन आवश्यक भएकोले। |
| २५. | दफा ९९ को उपदफा (३) को खण्ड (क) र (ङ) मा संशोधन। | (क) निजले लिएको सम्बन्धित बैङ्क वा वित्तीय संस्थाको शेयर जफत तथा रोक्का गर्ने र सो शेयर अन्य व्यक्तिलाई **बिक्री गर्न** सञ्चालक समितिलाई निर्देशन दिने, | (क) निजले लिएको सम्बन्धित बैङ्क वा वित्तीय संस्थाको शेयर जफत तथा रोक्का गर्ने र सो शेयर अन्य व्यक्तिलाई **बिक्री गर्न वा शेयर बिक्री भइसकेको अवस्थामा सो बिक्री भइसकेको शेयर बराबरको रकम असुल उपर गर्न** सञ्चालक समितिलाई निर्देशन दिने, | यस ऐन वा राष्ट्र बैङ्क ऐन वा सो अन्तर्गत जारी भएको नियम, विनियम, निर्देशन वा आदेशको |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | | उल्लंघन गरेमा हुने कारबाहीलाई थप प्रभावकारी बनाउन। |
| | | (ङ) यस ऐन विपरीत वा अस्वाभाविक तलव भत्ता तथा अन्य सुविधा कुनै बैङ्क वा **वित्तीय संस्थाले** लिएको वा दिइएको भएमा त्यस्तो सम्पूर्ण सेवा सुविधा वा सो बापत लाग्ने रकम तथा प्रचलित कानून बमोजिमको ब्याज त्यस्तो सेवा सुविधा दिने व्यक्तिबाट असुल उपर गर्ने,, | (ङ) यस ऐन विपरीत वा अस्वाभाविक तलव भत्ता तथा अन्य सुविधा कुनै बैङ्क वा **वित्तीय संस्थाको संस्थापक, शेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी वा अन्य कुनै सम्बद्ध व्यक्तिले** लिएको वा दिइएको भएमा त्यस्तो सम्पूर्ण सेवा सुविधा वा सो बापत लाग्ने रकम तथा प्रचलित कानून बमोजिमको ब्याज त्यस्तो सेवा सुविधा दिने व्यक्तिबाट असुल उपर गर्ने,, | संस्थाको संस्थापक, शेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी वा अन्य कुनै सम्बद्ध व्यक्तिले ऐन |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | | विपरीत वा अस्वाभाविक तलव भत्ता तथा अन्य सुविधा लिएको भए त्यस्तो कार्य गर्नेलाई कार्बाही गर्न। |
| २६. | दफा ११० को उपदफा (१) को खण्ड (ख) पछि खण्ड (ग) थप। | साविकमा नभएको। | (ग) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट खाता रोक्का राख्न लेखी आएमा। | खाता रोक्का राख्न सक्ने व्यवस्थालाई थप व्यवस्थित गर्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| २७. | दफा १११ को उपदफा (२) को सट्टा उपदफा (२) राखिएको। | (२) निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दाबी लाग्नेछः-<br>(क) सगोलको पति वा पत्नी,<br>(ख) सगोलको छोरा वा छोरी, धर्मपुत्र वा धर्मपुत्री वा विधवा बुहारी,<br>(ग) सगोलको बाबु, आमा, नाति वा | (२) निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए सो निक्षेप त्यसरी इच्छाइएको व्यक्तिले पाउनेछ। निजले कसैलाई इच्छाएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि निक्षेप राख्ने व्यक्तिको भन्दा पहिले नै मृत्यु भइसकेको रहेछ भने त्यस्तो निक्षेप अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ। | नजिकको नातेदार सम्बन्धमा मुलुकी देवानी संहितामा नै प्रष्ट व्यवस्था रहेकोले सो बमोजिम तादम्यता मिलाउन आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | नातिनी,<br>(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, छोरी, बाबु वा आमा, छोरा, बुहारी वा विवाहित छोरी,<br>(ङ) सगोलको बाजे, बज्यै, दाजु, भाइ, भदा, भदै, दिदी वा बहिनी, भिन्न बसेका बाजे, बज्यै,<br>(च) सगोलको सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति वा अविवाहित नातिनी,<br>(छ) भिन्न बसेको दाजु वा भाइ, भदा, भदै, दिदी, बहिनी, भतिजा, भतिजी<br>(ज) सगोलको काका, विधवा काकी, | | |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | भाउजु, भाइ बुहारी वा नातिनी बुहारी,<br>(झ) विवाहित दिदी, बहिनी, भिन्न बसेको नातिनी बुहारी। | | |
| | दफा १११ को उपदफा (३) मा संशोधन। | (३) **उपदफा (२) बमोजिमको प्राथमिकता क्रममा कोही व्यक्ति नभई** प्रचलित कानून बमोजिमको हकवालाको त्यस्तो निक्षेप उपर दाबी नरहेको अवस्थामा सो निक्षेप राष्ट्र बैङ्कको बैंकिङ्ग विकास कोषमा जम्मा गरी बैंकिङ्ग विकासमा प्रयोग गरिनेछ। | (३) प्रचलित कानून बमोजिमको हकवालाको त्यस्तो निक्षेप उपर दाबी नरहेको अवस्थामा सो निक्षेप राष्ट्र बैङ्कको बैंकिङ्ग विकास कोषमा जम्मा गरी बैंकिङ्ग विकासमा प्रयोग गरिनेछ। | दफा १११ को उपदफा (२) मा भएको संशोधनले समेट्ने भएकोले। |
| २८. | दफा ११२ को उपदफा (३) को | (३) उपदफा (१) बमोजिमको रकम बीस वर्षसम्म लिन बुझ्न नआएमा सो रकम राष्ट्र बैङ्कको बैंकिङ्ग विकास | (३) उपदफा (१) बमोजिमको रकम बीस वर्षसम्म लिन वा बुझ्न नआएमा सम्बन्धित बैङ्क | निष्कृय खातामा रहेको रकम |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | सट्टा उपदफा (३) राखिएको। | कोषमा जम्मा गरी बैंकिङ्ग विकासमा प्रयोग गरिनेछ। | वा वित्तीय संस्थालाई त्यस्तो रकम राष्ट्र बैङ्कले तोकेको कोषमा जम्मा गर्न निर्देशन दिन सक्नेछ। | व्यवस्थापन गर्न आवश्यक भएकोले। |
| | दफा ११२ को उपदफा (३) पछि उपदफा (४) थप। | साविकमा नभएको। | (४) उपदफा (३) बमोजिमको कोषमा जम्मा भएको रकम कसैले प्रमाण सहित दाबी गर्न आएमा बैङ्क वा वित्तीय संस्थाले त्यस्तो रकम सम्बन्धित निक्षेपकर्तालाई भुक्तानी दिई सोको सोधभर्ना माग गरेमा राष्ट्र बैङ्कले सोधभर्ना गर्नेछ। | निक्षेपकर्ताबाट प्रमाण सहित दावी भए पश्चात फिर्ता दिने सम्बन्धमा कानुनी व्यवस्था नभएकोले सो व्यवस्था गर्न आवश्यक |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | | भएकोले। |
| २९. | दफा १२४ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा संशोधन। | (२) यस ऐन वा राष्ट्र बैङ्क ऐन वा सो अन्तर्गत बनेको नियम, विनियम वा दिइएको आदेश वा निर्देशनको पालना गर्ने क्रममा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा राष्ट्र बैङ्क, बैङ्क वा वित्तीय संस्था वा सोको पदाधिकारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च सम्बन्धित | (२) यस ऐन वा राष्ट्र बैङ्क ऐन वा सो अन्तर्गत बनेको नियम, विनियम वा दिइएको आदेश वा निर्देशनको पालना गर्ने क्रममा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा राष्ट्र बैङ्क, बैङ्क वा वित्तीय संस्था वा सोको पदाधिकारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ।<br>तर द्वेष, लापरवाही वा बदनियतबाट **वा आफूलाई** | आफूलाई प्राप्त अख्तियारी बाहिर गई गरिएको कुनै कामको सम्बन्धमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुने व्यवस्था गर्न आवश्यक भएकोले। |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | संस्थाले व्यहोर्नेछ।<br>तर द्वेष, लापरवाही वा बदनियतबाट गरिएको कुनै कामको सम्बन्धमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुनेछ र त्यस्तो विषयमा परेको मुद्दाको खर्च राष्ट्र बैङ्क वा बैङ्क वा वित्तीय संस्थाले व्यहोर्ने छैन। | **प्राप्त अख्तियारीभन्दा बाहिर गई** गरिएको कुनै कामको सम्बन्धमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुनेछ र त्यस्तो विषयमा परेको मुद्दाको खर्च राष्ट्र बैङ्क वा बैङ्क वा वित्तीय संस्थाले व्यहोर्ने छैन। | |
| ३०. | दफा १२९ को उपदफा (२) पछि उपदफा | साविकमा नभएको। | (३) यस ऐन बमोजिम स्थापना भएको बैङ्क वा वित्तीय संस्थाको लगानीमा स्थापना भएको सहायक कम्पनीको समष्टिगत निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धित नियामक निकायको | बैङ्क वा वित्तीय संस्थाको लगानीमा स्थापना भएको सहायक |

| क्र.सं. | ऐनको दफा/उपदफा/खण्ड | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | (३) थप। | | समन्वयमा राष्ट्र बैङ्कले गर्न सक्नेछ। | कम्पनीलाई निरीक्षण तथा सुपरिवेक्षणको दायरमा ल्याउन आवश्यक भएकोले। |